## नेपाली कृषिको रूपान्तरणका लागि

# नागरिक सुझाव

नेपाली कृषिको भविष्यको मार्गचित्र बारे कृषिसँग सरोकार
राख्ने नागरिकहरुका ५ रणनैतिक सुझाव

खाद्यका लागि कृषि अभियान

बिगत दुई दशकदेखि हाम्रो कृषिक्षेत्र निरन्तर ओरालो लागिरहेको छ । यसो हुनुको मुख्य कारण हाम्रो आफ्नै बिषेषतामा आधारित कृषि प्रणाली अपनाउने दृष्टिकोण पुग्न नसक्दा आम किसानहरु कृषि क्षेत्रबाट पलायन हुदै जाने बाध्यात्मक परिस्थिति सृजना हुनु हो । जसका कारण खाद्य उत्पादन बढेको छैन तर खाद्य वस्तुको आयात विकराल रुपमा बढेको छ । यसबारे अहिले सबैतिर केही चिन्ता र चासो पनि बढेको देखिन्छ ।

राष्टिय अर्थतन्त्र, रोजगारी, आम्दानी, पोषण र जनस्वास्थ्यको मुख्य आधारक्षेत्र कृषिलाई बलियो नबनाई यो देश फेरिंदैन । यसका लागि, दिगो कृषिका आधारभुत सिद्धान्त, नेपाली कृषिको चरित्र र यसको अर्थ राजनीति, विश्व र छिमेकी मुलुकको कृषि अर्थतन्त्र र यसले नेपाली कृषिमा पर्ने प्रभावको बस्तुपरक आकलन गरी दीर्घकालीन योजना बनाउनु अपरिहार्य छ ।

यस परिप्रेक्षमा नेपालको कृषिको  रुपान्तरणका लागि दीर्घकालिन दृटिकोण र तत्कालीन कार्यदिशा के हुनु पर्छ भन्ने बारेमा देशको नागरिक समाजका हैसियतले आफ्ना दृष्टिकोण र सुझाव प्रस्तुत गरिएको छ ।

<u>पहिलो,</u>

> कृषि विकासको दीर्घकीलन अवधारणा, ढाँचा र योजना अर्थात् भविष्यको कृषि कस्तो हुने भन्ने बारेमा विस्तृत तथा स्पष्ट खाका बनाउनु पर्छ । यस्तो खाका हाम्रो जैविक विविधता, स्थानीय विशेषता र तुलनात्मक लाभको आधारमा निर्धारण गरिनुपर्छ । यो मुख्यतः खाद्यमा आत्मनिर्भर र तुलनात्मक लाभका कृषि उपजबाट रोजगारी र आम्दानी बढाउने रणनीतिमा आधारित हुनु पर्छ । दिगो कृषि विकासका मापदण्डका आधारमा प्राँगारिक कृषि विकासको दूरदृष्टि बनाउनु पर्छ । यसैमा आधारित भएर तत्कालीन, मध्यकालीन र दीर्घकालीन योजनाहरुको प्रक्षेपण र कार्यान्वयनबाट आएको सिकाईका आधारमा परिमार्जन गर्दै आवधिक गरिनु पर्दछ । यस्ता योजनाहरुको आवधिक परिमार्जन गर्ने कुरा हतियारमा धार लगाउनु जस्तै हो ।

यस्तो दुरदृष्टि निर्माण गर्दा अरु मुलुकका अनुभव र अभ्यासहरुको समीक्षा, हाम्रो विशेषता र सम्भाव्यताको तथ्यगत आकलन र कृषि क्षेत्रको अहिलेको अवस्थाको सूक्ष्म विश्लेषण गर्नुपर्छ । साथै, यी तथ्यगत आधारहरुको विश्लेषण र कृषि क्षेत्रले अव लिनुपर्ने बाटो बारे उच्च राजनैतिकस्तरमा व्यापक मतैक्य निर्माणका साथै अन्य सरोकार समूहहरुसँग सघन र गहन संवाद गरी प्राप्त सुझावका आधारमा कृषि विकासको दीर्घकालीन योजना बनाउनु पर्छ । यसका लागि बिभिन्न तहमा गोलमेच सम्मेलन र अन्तरकृया गर्न आवश्यक हुन्छ ।

<u>दोश्रो</u>,

सरकारले मुलुकलाई १० बर्ष भित्र प्रांगारिक बनाउने चुनावी घोषणा लागू गर्ने बताउँदै आएको छ । यो काम गलत बाटो हिडिरहेको कृषिलाई ठिक बाटो हिँडाउने महत्वपूर्ण दृष्टिकोण र कृषि क्षेत्रको विकास गरी आयात प्रतिस्थापन र तुलनात्मक लाभ लिने अवसर दुबै हो । यदि प्रांगारिक कृषि हाम्रो रोजाई हो भने यसका लागि आवश्यक पूर्व तयारीमा लाग्न ढिला हुँदैछ ।

साथै, प्रांगारिक कृषितर्फको यात्रा सफल बनाउन कृषि विकासको परम्परा भन्दा फरक ढँगको ज्ञान, सिप, क्षमता र संरचना चाहिन्छ । यस अर्थमा कृषि मन्त्रालय र मातहतका कर्मचारीको ज्ञान, सिप, क्षमतामा बृद्धि र संरचनामा व्यापक परिमार्जन गर्न आवश्यक छ । यसका लागि प्रांगारिक कृषि प्रणाली प्रवर्द्धन गर्न एउटा प्रभावकारी इकाईको गठन तथा स्पष्ट कार्यादेश तयार गरिनु पर्दछ । यस्तो इकाईको जिम्मेवारी राजनैतिक नेतृत्वले लिनु पर्छ किनकि यो बाटो हिड्न तत्कालै महत्वपूर्ण निर्णय र छिमेक तथा विश्व बजारसँग बलियो अडान लिनु पर्ने हुन्छ ।

सँगसँगै, प्रांगारिक क्षेत्र पहिचान र वर्गीकरण गरी जैविक क्षेत्रका आधारमा कृषि प्रवर्द्धन कार्ययोजना बनाउनु पर्छ । यसका लागि पूर्ण

प्रांगारिक, रसायन पुगेको क्षेत्र, रसायन र विषादी दुबै पुगेको क्षेत्र छुट्ट्टाउनु पर्छ । यस्तो वर्गीकरणले प्रांगारिक क्षेत्र बिस्तार गर्न आवश्यक प्रविधि विकास, अनुसन्धान र प्रशारका एकीकृत योजना बनाउन र क्षेत्र विशेषमा पुऱ्याउनु पर्ने प्रविधिक सेवा, सुविधा तथा सहयोग कार्यक्रमको निर्धारण गर्न र प्रभावकारी कार्यान्वयनको योजना बनाउन सजिलो हुन्छ। यो नै मुलुकलाई प्रांगारिक बनाउने प्रकृया तीव्र बनाउने सरल र व्यावहारिक तरिका हो । अनि, रसायनिक मल अनुदान कटौति गरी प्रांगारिक मल, गोठ सुधार, कम्पोष्ट मल र जैविक विषादी उत्वादन र खरीदमा अनुदान दिने व्यवस्था तत्काले सुरु गरिनु पर्दछ । पहिचान भैसकेका प्रांगारिक क्षेत्रहरुमा रसायन र विषादीमा रोक लगाउँदै जैविक मल र विषादी बनाउन आवश्यक प्रविधि र क्षमताको विकास गर्नु पर्दछ ।

<u>तेश्रो</u>,

कृषि उपजको आयात र निर्यातको बास्तविक वासलात तयार गरि आयात घटाउने र निर्यात बढाउने रणनीति बनाउन जरुरी छ । यसले कृषिका प्रथामिक क्षेत्र पहिचान गर्न र कृषि उत्पादन रणनीति तय गर्न सहयोग पुग्दछ । अहिले कृषि उपजको आयात निरन्तर बढिरहेको छ । कृषि मन्त्रालयको उत्पादन प्रगति तथ्याङ्क हेर्ने हो भने यसको आवश्यकता पुष्टि हुँदैन । । प्रगतिका तथ्याङ्क कम देखाएमा मातहतका कर्मचारीको कार्य संपादन प्रभावकारी नभएको ठहर्ने शासन प्रणाली छ । सत्य बोले दण्डित हुनुपर्ने यस्तो परिपाटीको अन्त्य नगरी वास्तबिक तथ्याङ्क संकलन सम्भव छैन ।

कृषि उपजको वासलात तयार गर्न स्थानीय सरकारका कृषि तथा अन्य प्राविधिकि परिचालन गरी सबै गाउँ पालिका, नगरपालिकाका बडास्तरमा तथ्याङ्क संकलन गर्ने र आवधिक गर्ने गरिनु पर्छ । यसको मसिनो विश्लेषण बिना कृषि उपजमा आत्मनिर्भर हुने तथा आयात प्रतिस्थापन गर्ने उपयुक्त योजना बनाउन सकिदैन ।

त्यसैगरी, प्रधानमन्त्रीको भारत भ्रमणका बेला भारत सरकारसँग कृषि क्षेत्रको आधुनीककरणमा सहकार्य गर्ने भएको सहमति अन्तर्गत भारत सरकारले (बुझ्दा एकतर्फी रुपमा नै) प्रांगारिक कृषिको नमुना बनाउने र माटोको स्वास्थ्य परीक्षण गर्ने परियोजना संचालन गर्ने प्रावधान राखेको छ । सोही सहमति कार्यान्वयन गर्ने भन्दै भारतीय प्रधानमन्त्री मोदीको पछिल्लो  भ्रमणमा ँछिटै नै दुई देशका कृषि मन्त्रीको बैठक बसी कृषि अनुसन्धान र शिक्षामा सहयोगको मार्गचित्र बनाउने समझदारी भएको छ ।  यो समझदारीलाई हाम्रो हित अनुकूल बनाउन प्रथामिकताका क्षेत्रहरुको पहिचान र उपयुक्त योजनाको प्रस्ताव तयार गर्ने काम तत्काले सुरु गर्नु पर्नेछ ।  यसो गर्न ढिलाई भएमा हाम्रो आवश्यकता निरपेक्ष भारतीय प्रस्ताव नै आयात हुने र हाम्रो आफ्नै बिशेषताका कृषि विकासका प्रथामिकता ओझेलमा पर्ने जोखिम  रहन्छ ।

<u>चौथो</u>,

कृषि क्षेत्रको समग्र विकासको महत्वपुर्ण जिम्मेवारी लिएको कृषि मन्त्रालय र मातहतका निकायहरु समयानुकुल आवधिक नहुँदा जीर्ण र रुग्ण भैसकेका छन् । नियमित कामहरु समेत अहिले निकै अस्तव्यस्त देखिन्छन् । यसै बिच, राज्य पुनर्संरंचनाको हिस्साकै रुपमा कृषि विकास मन्त्रालय र मातहतका निकायहरुको पुनर्संरचनाको प्रकृया अगाडि वढेको छ  तर अहिले पनि कृषि सपार्ने कामको महत्वपूर्ण जिम्मेवारी बोकेको कर्मचारीतन्त्रको पुनर्गठनको प्रकृयामा राजनैतिक नेतृत्वको गम्भीर ध्यान गएको देखिन्न । कर्मचारीले नै यसको जिम्मा लिएका छन् । कर्मचारीले नै आफ्नो बारेमा निर्णय गर्न पाउने भए पछि कस्तो निर्णय गर्लान् ?

आम कर्मचारी वृत्तमा नयाँ संरचनामा आफ्नो वृत्ति विकासका अवसरहरु खुम्चिने हुन् की भन्ने भय छ भने टाठाबाठा र पहुँचवाला उपरि तहका कर्मचारीहरुलाई आफूले उपभोग गरि आएको सेवा सुविधामा वाधा पुग्ने हो की भन्ने त्रास छ र त्यसको सुरक्षा गर्ने

प्रयास छ । स्थानीय र प्रदेश तहमा जान कर्मचारी वृत्त देशले थाम्नै नसक्ने सर्तहरु राखेबाट पनि उनीहरु फेरिन नचाहेको प्रष्टै देखिन्छ । उनीहरुमा देश निर्माण, समृद्धि जस्ता कुरा भन्दा आफ्नो वृत्ति रक्षा मात्र अगाडि आइरहेको देखिन्छ । यस्ता सवालको सम्वोधन गरि स्थायी सरकार भनिने कर्मचारीतन्त्रको क्षमता अविबृद्धि गरि जिम्मेवार सेवा प्रदायक बन्न उत्प्रेरणा जगाउने महत्वपूर्ण र साहस र दृढ निश्चय माग गर्ने अर्को मुख्य कार्यभार हो ।

कृषि मन्त्रालय, कृषि अनुसन्धान परिषद् र मातहतका निकाय तथा फार्महरुको संरचनागत समीक्षा गरी तीनै तहको संरचना पुनर्गठन र कार्यादेश परिमार्जन गर्नुपर्छ । यसका लागि तत्कालै उच्चस्तरीय किसान आयोग लगायत अन्य सरोकारवाला सम्मिलित बहुपक्षीय समीक्षा समिति बनाउनु पर्छ । यसबाट आएका सुझावहरुको आधारमा सुधारका योजना बनाई तत्कालै लागू गर्नुपर्छ । यसका साथै, भूमिसुधार, कृषि र सहकारी क्षेत्रका सबै बोर्ड, समिति, परिषद तथा आयोगको पुनर्गठन तथा कार्यादेश परिमार्जन गरस् नया संरचना समायोजनको खाका बनाउनु पर्छ ।

<u>पाँचौं</u>,

अहिले सरकार, दाता, (अ) गैससका खाद्य तथा कृषि क्षेत्रमा सञ्चालित परियोजनाको प्रभावकारिता र उपलब्धि बारेमा गम्भीर प्रश्न उठिरहेको छ । यस्ता परियोजना संचालनबाट लक्षित समूहमा कति र कस्तो फाईदा पुग्न सक्यो, भन्ने कुरा त त परै जाओस् झण्डै एक तिहाई रकम खर्च हुन नसकेको तथ्य बाहिर आएको छ । यी परियोजनाहरु लक्षित समुह सम्म पुग्न सकेका छैनन् र समग्र कामहरु बालुवामा पानी हाले सरह भएको छ । त्यसमाथि अहिलेका रणनीति, योजना, परियोजना र कार्यक्रमहरु पनि कृषि सपार्ने दिशा तर्फ उन्मुख छैनन् । कृषि प्रवर्द्धनका ठुला ठुला परियोजना कार्यान्वयनमा छन् तर यस्ता आयोजनाले व्यावसायिक कृषिका

नाममा कर्मचारीको मिलेमतोमा बिचौलिया र दलालहरुलाई मात्र पोस्ने गरेको गुनासो व्याप्त छ ।

प्रधानमन्त्री कृषि आधुनिकीकरण, नेपाल कृषि तथा खाद्य सुरक्षा जस्ता परियोजनाहरुले केही उद्यमी किसानका फार्म तथा उद्योगमा बोर्ड झुन्डाउने काम बाहेक उल्लेख्य काम गरेका देखिन्न । प्रक्रिया यति काइते छ कि सर्वसाधारणलाई त्यसले नै विमुख बनाइ दिन्छ । यी परियोजनाहरुको स्वतन्त्र समीक्षा गरी यिनको कार्यक्रम र कार्यविधि अविलम्म परिर्माजन वा खारेजी गनु पर्छ । भूमिहिन र साना किसानका नाममा भैरहेका बिचौलिया र दलाल पोस्ने गतिविधि  बन्द गरी किसानमुखी योजनाको सुरुवात गर्ने यो एक आवश्यकता र अवसर पनि हो ।

अन्त्यमा,  नेपाली किसानलाई केन्द्रमा राखेर मात्र नेपालले दिगो खाद्य तथा कृषि प्रणालीको विकास गर्न सकिने कुरालाई पुनःस्मरण गर्दै सरकार, राजनैतिक पार्टीहरु, दात्तृ निकायहरु, गैरसरकारी संस्थाहरु, नागरिक समाज, संचार जगत र संपूर्ण किसान समुदायलाई यी सवालमा गम्भीर हुदै नेपालको कृषि सपार्ने अभियानमा जुट्न आह्वान गर्दछौ ।

कृष्ण प्र. पौडेल

खाद्यका लागि कृषि अभियान र आवद्ध सदस्यहरुको तर्फबाट

५ जेष्ठ २०७५, काठमाण्डौ ।

## खाद्यका लागि कृषि अभियान

**खाद्यका लागि कृषि अभियान** महिला, साना किसान र कृषि श्रमिकका खाद्य, भूमि, कृषि र जलवायु जोखिम जस्ता सवालहरुमा कार्यमूलक अनुसन्धान, नीतिगत बहस र जनवकालतमा हातेमालो गर्ने उत्पादक किसान सङ्गठनहरु, गैरसरकारी संस्था र नागरिक समाजको साझा प्रयत्न हो । यो अभियान कृषिलाई एकीकृत रुपमा हेरी नेपालको समग्र दिगो कृषि विकासको लागि समर्पित छ ।